# जलवायु परिवर्तन सम्बन्धी च्छो रोल्पा संवाद प्रतिवद्धता पत्र,२०८२

विश्वको मूल मुद्दा बन्दै गएको जलवायु परिवर्तनको सन्दर्भमा नेपालका हिमालको संवेदनशीलतालाई संकेत गर्ने दोलखा गौरीशंकरमा अवस्थित च्छो रोल्पा ताललाई बिम्ब बनाएर वागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय, गौरीशंकर गाउँपालिका दोलखा र गौरीशंकर संरक्षण क्षेत्र आयोजना(राष्ट्रिय प्राकृति संरक्षण कोष) को मुख्य आयोजना, क्लाइमेट फाउण्डेसन नेपाल, डिभिजन वन कार्यालय,दोलखा, कालिञ्चोक र बिगु गाँउपालिका लगायत जिल्लाका विभिन्न संघ संस्थाहरुको सहयोगमा मिति २०८२ असार ०५ देखि असार ०७ गतेसम्म जलवायु परिवर्तन सम्बन्धी च्छो रोल्पा संवाद कार्यक्रम सम्पन्न गरियो । मिति २०८२/०३/०७ मा आर्थिक मामिला तथा योजना मन्त्रालयका मन्त्री माननीय श्री कुन्दनराज काफ्लेज्यूको प्रमुख आतिथ्यता र वन तथा वातावरण मन्त्रालयका मन्त्री माननीय श्री कृष्णप्रसाद सिलवालज्यूको अभिभावकत्व तथा गौरीशंकर गाँउ पालिकाका अध्यक्ष श्री विश्वास कार्कीको अध्यक्षतामा दोलखा जिल्लाको कालीनाग मा.वि मा सम्पन्न मुल कार्यक्रममा उपस्थित हामी प्रदेश सरकारका मन्त्रीहरु, पूर्व मन्त्रीहरु, प्रदेशका माननीयहरु, स्थानीय सरकारका जनप्रतिनिधिहरु,सरकारी कार्यालयहरु,वित्तिय संघ संस्थाहरु, राजनितिक दलका प्रतिनिधिहरु, स्थानीय तथा सामुदायिक संस्थाका प्रतिनिधिहरु,पत्रकारहरु हामी सबै सहभागि एकै आवाजका साथ जलवायु परिवर्तनसम्वन्धी च्छो-रोल्पा संवाद प्रतिवद्धता-पत्र,२०८२ जारी गर्दछौः

१. 'गौरीशंकरको रक्षा, हिमालदेखि तराईसम्मको सुरक्षा' अभियानलाई साकार बनाउन गौरीशंकर हिमालदेखि तामाकोशी जलाधारको फेदीसम्म एउटै कार्यक्षेत्र भएको एक सशक्त **'जलवायु संकट प्रतिकार्य सञ्जाल'** निर्माण, परिष्करण र परिचालनलाई अधि बढाउनेछौं ।
२. जलवायु परिवर्तनसँगै बाँच्न हिमाली समुदायले आदिम कालदेखि अवलम्बन गर्दै आएका समस्त प्राणी तथा वनस्पति जगतको सांस्कृतिक पर्यावरणमा आधारित अनुकूलन अभ्यासहरूलाई सूचना, अनुसन्धान र प्रविधिहरूबाट अझै वैज्ञानिकीकरण गरी गौरीशंकर-तामाकोशी क्षेत्रलाई **'सामुदायिक अनुकूलन प्रणालीको नमुनाक्षेत्र'** बनाउन ठोस योजनासाथ अधि बढाउने छौं ।
३. पदार्थ र चेतना विज्ञानमा विश्वास गर्ने विश्वका सबै दर्शन, धर्म, सम्प्रदाय आदिको एकमात्र आदिम बिम्ब मानी गौरीशंकर हिमाललाई **'सांस्कृतिक शिखर'** पहिचानमा विश्वभर फैलाउन सदा क्रियाशील रहनेछौं ।
४. यी घोषणाहरूको छरितो कार्यान्वयन र दीर्घकालीन परिणाम ल्याउन तामाकोशी जलाधार क्षेत्रमा रहेका सबै स्थानीय तहमा तीनै तहका सरकारको सहकार्य तथा जल तथा मौसम विज्ञान विभागको प्राविधिक सहयोगमा तथा मौसम मापन केन्द्र स्थापना गर्नुका साथै उत्थानशील नीति, योजना र कार्यक्रमहरू सञ्चालन गर्न **'एकीकृत रणनीतिक योजना'** बनाइ कार्यान्वयनमा ल्याउने कार्य अधि बढाउने छौं ।
५. यो संवाद कार्यक्रमलाई जलवायु परिवर्तनका प्रभावको न्युनीकरण र अनुकूलनलाई प्रमुख विषय बनाइ एक निश्चित तिथि निर्धारण गरेर हरेक वर्ष **'जलवायु संवाद'** लाई निरन्तरता दिनेछौं ।

Scanned with CamScanner